बारपाक सुलिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताकुकोट, गोरखा
गण्डकी प्रदेश, नेपाल

# मिति २०८२/०६/२६ गतेको कार्यपालिका निर्णयहरु

| क्र. सं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | समिक्षा सम्बन्धमा। | आ.व २०८१/०८२ हाल सम्मको योजना प्रगति लगायत अन्य समसामयिक विभिन्न विषयमा वडागत समीक्षा गरियो। |
| २ | म्याद थप सम्बन्धमा। | आ.व. ०८०/०८१ देखि यस गाउँपालिकामा निर्माणाधिन क्रमागत आयोजना "घुन्चोकटार – भुवाने- सौरपानी सडक स्तरोन्नति"को मिति २०८३/०१/१४ गते सम्म म्याद थप गर्ने निर्णय गरियो। |
| ३ | घट्टेखोला जल विद्युत आयोजना सम्बन्धमा। | बारपाक सुलिकोट गाउँपालिका वडा न. २ स्थित घट्टेखोलामा ९०५ किलोवाटको "घट्टेखोला जल विद्युत आयोजना"का लागि बारपाक मिनि हाइड्रोपावर प्रा लि लाई घट्टेखोला जलविद्युत आयोजनालाई मिति २०८२/०६/२७ देखि २०८५/०६/२६ सम्मको लागि विद्युत उत्पादन सर्वेक्षण अनुमति पत्र प्रदान गर्ने निर्णय गरियो। |
| ४ | विपद प्रभावितहरुलाई राहत सम्बन्धमा। | मनसुनजन्य विपद प्रभावितहरुको अनुगमनका लागि गाउँपालिका उपाध्यक्ष श्री सनमाया गुरुङको संयोजकत्वमा गठित अनुगमन समितिको स्थलगत निरिक्षण प्रतिवेदन अनुसार विपद प्रभावितहरुलाई रहत प्रदान गर्ने निर्णय गरियो। |
| ५ | बारपाक सुलिकोट रनिङ शिल्ड प्रतियोगिता सम्बन्धमा। | बारपाक सुलिकोट गाउँपालिका स्थानीय शिक्षा समिति र प्रधानाध्यापक बैठकको सिफारिस बमोजिम छैठौं बारपाक सुलिकोट रनिङ शिल्ड प्रतियोगिता शहीद आशाकाजी श्रेष्ठ स्मृति रंगशालामा गर्ने सर्वसम्मत निर्णय गरियो। |
| ६ | छुट जग्गाको वर्गीकरण सम्बन्धमा। | बारपाक सुलिकोट गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण विवरण तयार पार्दा वर्गीकरण छुट भएको कित्ता जग्गाको सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम जग्गा धनीको कित्ता जग्गाको भू-उपयोग क्षेत्रको वर्गीकरण गर्ने निर्णय गरियो। |
| ७ | पशु धन ढुवानी एवं क्वारेन्टाइन शुल्क निर्धारण सम्बन्धमा। | पशु सेवा शाखाले प्रस्ताव गरेको पशुधन ढुवानी एवं क्वारेन्टाइन शुल्क स्वीकृत गर्ने निर्णय गरियो। |
| ८ | विविध। | |